**नेपाल सरकार निजामती कर्मचारी सम्बद्ध संस्थाहरुबीच भएको सहमति**

**२०६४ जेष्ठ १७ र २०६४ आषाढ ८ मा भएका वार्ताहरुको आधारमा २०६४ आषाढ १० गते भएको सहमति**

**नेपाल सरकारको वार्ताटोली र निजामती कर्मचारी सम्बद्ध संस्थाहरुका प्रतिनिधिबीच निजामती कर्मचारीहरुका माग सम्बन्धमा देहाय बमोजिम सहमित गरिएको छ।**

१ निजामति कर्मचारीको पदोन्नतिलाई सुनुश्चित गर्न सामान्य प्रशासन सचिवको संयोजकत्वमा २०६४ जेठ २३ मा गठित कार्यदलको प्रतिवेदन अनुसार संस्दमा विचारधिन विधेयकलाई परिमार्जन गरी ०६४ आषाढ मसान्तसम्म पारित गराई तल्काल कार्यन्वयन गराउन सरकारको तर्फबाट पहल गर्ने प्रतिबद्धता जाहेर गरिएको छ।

२. उच्चस्तरीय तलब आयोग २०६१ को प्रतिवेदन र ०६४ जेष्ठ २३ मा गठित कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा राजस्व वृद्धिलाई आधार मानी २०६४। २०६५ आ.ब। को शुरुदेखिनै नयाँ तलबमान कायम गरी राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि गर्ने।

३. कम्तिमा शाखा अधिकृत सम्मका कर्मचारी आबद्ध हुने गरी विचाराधिन निजामती सेवा ऐनमा उपयुक्त कानूनी व्यवस्था गरी निजामती कर्मचारीलाई टेड्र युनियन अधिकार प्रदान गर्ने। टेड्र यूनियन श्रम तथा रोजगार प्रबर्द्धन विभागमा दर्ता गर्न कानुनी व्यवस्था मिलाउने।

४. कर्मचारीहरुको सुरक्षाको विषयलाई गंभिरतापूर्वक लिई सरकारले भरपर्दो सुरक्ष प्रबन्ध मिलाउने।

५. उपरोक्त सहमितको आधारमा आन्दोलनरत कर्मचारीका तर्फबाट घोषित आन्दोलनका कार्यक्रमहरु आजैबाट फिर्ता लिएको घोषण गरिएको छ।

......................
विष्णु प्रसाद लामिछाने
का.वा. अध्यक्ष
नेपाल निजामति कर्मचारी संगठन

................................
रामचन्द्र पौडेल
संयोजक
सरकारी वार्ताटोली मन्त्री शान्ति तथा पुननिर्माण मन्त्रायल

........................
रुद्र खनाल
का.वा. अध्यक्ष
नेपाल निजामति कर्मचारी यूनियन

............................
रुक्म लामिछाने
अध्यक्ष
नेपाल राष्ट्रिय कर्मचारी संगठन

मिति : २०६४।०३।१०